लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, अर्घाखाँची

फोन नं. ०७७४२०१२६/९८५७०६३९२६
Email: akcarghakhanchi@gmail.com
Website: www.akcarghakhanchi.com
स्थान: सन्धिखर्क

पत्र सख्या.: २०८१/०८२
च.नं.

लुम्बिनी प्रदेश सरकार कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय कृषि ज्ञान केन्द्र अर्घाखाँची

## कार्यक्रम सञ्चालनका लागि आवेदन /प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

*(दोश्रो पटक प्रकाशन भएको मिति २०८१/०७/२९)*

*सुचना नं-०३*

आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसील अनुसारका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक आवेदकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०८१।०८।१३ गते सम्म) यस केन्द्रमा तपसील अनुसारका कागजातहरु सहित केन्द्रले निर्धारण गरेको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसील बमोजिमका कागजात संलग्न राखि निवेदन पेश गर्नुहुन सम्बन्धित सबै (कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी/फर्म/कम्पनी)को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, सञ्चालन कार्यविधि कृषि ज्ञान केन्द्रको वेवसाईट(**www.akcarghakhanchi.gov.np**)बाट प्राप्त गर्न सकिनेछ वा कृषि ज्ञान केन्द्र,अर्घाखाँचीको **Facebook page र Youtube मा Coach BRG** बाट पनि प्राप्त गर्न सकिने छ।

**तपशिल:**

| क.स. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सीमा |
|---|---|---|---|---|
| १. | करार खेती कार्यक्रम | करारमा खेती गर्ने कृषक/फर्म/कम्पनी/ कृषक समूह/सहकारीलाई जग्गा भाडामा सहयोग गरिने। | करारनामा स्थानीय तहको रोहवरमा गर्नुपर्ने<br>एकाघरको परिवार बाहेकमा करारनामा हुनुपर्ने<br>करारनामामा कम्तिमा ५ वर्ष खेती गर्ने प्रतिवद्धता हुनुपर्ने | प्रति हेक्टर अधिकतम ३० हजारका दरले जग्गा भाडा बापत अनुदान दिन सकिने (प्रति रोपनी १५००।-)<br>प्रति अनुदानग्राही अधिकतम ३ हेक्टरसम्म कार्यक्रम सञ्चालन गर्न सकिने (६० रोपनी) |
| २. | सिंचाई आयोजनाको कमाण्ड क्षेत्रमा वाली सघनता | उत्पादन सामाग्री( वीउविजन, बेर्ना,नर्सरी,शुक्ष्मतत्व तथा उत्पादन सामाग्रीमा सहयोग । यन्त्र उपकरण), प्रसोधन, प्याकेजिङ, | वाली सघनता बृद्धि कार्यक्रम हिउदे वा बसन्तवाली (चैते धान, बसन्ते मकै,तरकारी,तोरी,मास,मसुरो,मुङ,चना, राजमा,शुर्यमुखि, लसुन,प्याज)मा कम्तिमा १०० रो. क्षेत्रफलमा कार्यक्रम संचालन गर्नुपर्ने,सम्बन्धित उपभोक्ता र स्थानिय तहसँग समन्वयगरि कार्यक्रम संचालन गर्नुपर्ने । | कार्यबिधि अनुसार कार्यलयबाट लागत अनुमान स्वीकृत गरि कार्यक्रम सैचालन गर्ने/गराउने ।प्रति २० रोपनी १ लाख सम्म खर्च गर्न सकिने,जसमा प्रविधि प्रसार र अभिमुखिकरणको लागि १० प्रतिशत खर्च गर्न सकिने छ |

Coach BRG

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी सन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, अर्घाखाँची

फोन नं. ०७७४२०१२६/९८५७०६३९२६
Email: akcarghakhanchi@gmail.com
Website: www.akcarghakhanchi.com
स्थान: सन्धिखर्क

पत्र सख्या.: २०८१/०८२
च.नं.

| | | | | |
|---|---|---|---|---|
| | बृद्धि कार्यक्रम | बजारिकरण सहयोग, प्राविधिक सेवाटेवा । | छनौट भएको स्थलमा जल उपभोक्ता समिति/उपसमितिको समन्वयमा कृषक र वाली छनौट गरि कार्यक्रम संचालन गर्ने । | । |
| ३. | कागती खेती प्रवर्द्धन कार्यक्रम (सन्धिखर्क नगरपालिका) | उत्पादन सामाग्रीहरु: प्रङगारिक मल, बेर्ना, सिंचाईका लागि आवश्यक पाईप,मल्चिङ प्लाष्टिक र बजारीकरण सम्बन्धी कार्यहरु। | कम्तीमा २० रोपनी क्षेत्रफलको एक बटा क्लस्टर हुनुपर्ने, बगैचा रेखाङकन अनुवार्य गर्नुपर्ने, विरुवा ५मि.*५मि. को दुरीमा ३ गहिरो र ३ फिट गोलाईको खाढलमा ४०० वटा बिरुवा रोप्नुपर्ने । लगाएको बिरुवा मरेमा सम्बन्धित कृषकलेनै पुनः रोपण गरेने प्रतिबद्धता हुनुपर्ने । सिंचाईको सुविधा भएको र जमिन ३० डिग्री भन्दा बढी भिरालो हुन नहुने । | कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति आयोजना बढीमा १ लाख अनुदान दिन सकिने |
| ४. | हिउँदे /वर्षे फलफूल बिरुवा वितरण | विभिन्न जातका उन्नत/वर्णशङ्कर फलफूल बिरुवा खरिद, ढुवानी र वितरण | कम्तिमा २५ बोटको १ बगैंचा स्थापना गर्नुपर्ने । | शतप्रतिशत अनुदानमा बिरुवा वितरण,स्थानिय तह वा वढाको सिफारिस पत्र, जग्गाको लालपूर्जा । |
| ५. | बालीवस्तु विशेष सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम (तरकारी तर्फ) | बीउ/बिरुवा अन्य उत्पादन सामाग्री सहयोग<br>क्षमता अभिवृद्धि<br>प्लाष्टिक टनेल निर्माण | तरकारीको हकमा कम्तिमा ४० रोपनीको क्लस्टरमा लगाउनु पर्ने, आवश्यक पर्ने जग्गा सम्बन्धित प्रस्तावकको नाममा भएको हुनुपर्ने वा भाडामा लिएको हकमा प्रचलित कानून बमोजिम कम्तीमा ५ वर्षको करार सम्झौता हुनुपर्ने । | प्लाष्टिक टनेलको प्रति वर्ग मिटर रु ३७५का दरले खर्च गर्न सकिने र बाकी रकम आवश्यकताका आधारमा प्रति हेक्टर अधिकतम रु.५ हजार अन्य उत्पादन सामाग्रीहरु(बीउ, बिषादी, जौविक मल आदी) का लागि खर्च गर्न सकिने । |

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, अर्घाखाँची

फोन नं. ०७७४२०१२६/९८५७०६३९२६
Email: akcarghakhanchi@gmail.com
Website: www.akcarghakhanchi.com
स्थान: सन्धिखर्क

पत्र सख्या.: २०८१/०८२
च.नं.

लुम्बिनी प्रदेश सरकार कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय कृषि ज्ञान केन्द्र अर्घाखाँची

संलग्न गर्नु पर्ने कागजातहरू

१. निवेदन, अनुसूची-३३ (दफा-९ सँग सम्बन्धित) ।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि र गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव, अनुसूची-३५ ।
५. सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिश पत्र।
६. समूह तथा सहकारीको हकमा अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
७. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
९. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा ( करार पत्र)।

पुनश्च उल्लेखित मिति भित्र आवश्यक कागजात तथा प्रक्रिया नपुगेका आवेदनहरु माथि प्रक्रिया अघि बढाउन कार्यालय बाध्य हुने छैन। आवेदन तथा प्रस्ताव भर्न असमर्थ कृषक, कृषक समूह तथा सहकारीहरुलाई कृषि ज्ञान केन्द्रमा स्थापना गरिएको सेवाग्राही सहयोगी कक्षमा रहेका कर्मचारीहरुबाट र यस केन्द्र मार्फत स्थानीय तहमा खटाईएका प्राविधिकहरुबाट सहजिकरण हुनेछ।

थप जानकारीका लागि

## कृषि ज्ञान केन्द्र, अर्घाखाँची

०७७-५२०१२६

९८५७०६३९२६

CoachBRG
.....................
बुद्दिराज घिमिरे
प्रमुख

बुद्धिराज घिमिरे
प्रमुख
अधिकृत स्तर दशौं तह

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, अर्घाखाँची

फोन नं. ०७७४२०१२६/९८५७०६३९२६
Email: akcarghakhanchi@gmail.com
Website: www.akcarghakhanchi.com
स्थान: सन्धिखर्क

पत्र सख्या.: २०८१/०८२-
च.नं.

## सिलबन्दी दरभाउ-पत्र कोटेशन गर्ने सम्बन्धी सूचना

सुचना नं. ४

तेश्रो पटक प्रकाशित मिति:२०८१।०७।२९ गते

आ.ब.२०८१।०८२ मा यस केन्द्रद्वारा संचालन गरिने बिभिन्न बार्षिक कृषि बिकास कार्यक्रमहरुका लागि बीउ बीजन, बिषादी र अन्य कृषि सामाग्रीहरु सम्बन्धी दरभाउ पत्र यस केन्द्रको वेवसाइड www.akcarghakhanchi.gov.np बाट डाउनलोड गरी वा कार्यालयको सूचना पाटी वा कार्यालयमा सम्पर्क गरि तोकिएको फर्मेटमा संस्था दर्ता प्रमाण-पत्र (कारोबारको किसिम खुलेको), कर चुक्ता तथा संस्था नवीकरण प्रमाण पत्रको प्रतिलिपि एवं बीउ बीजनको हकमा स्रोत खुलेको कागजात तथा प्राविधिक सहयोग गर्ने निकायको नाम, ठेगाना र सम्पर्क नं. सहित सिलबन्दी दरभाउ-पत्र सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस केन्द्रमा दर्ता गराउनु हुन सम्बन्धित संस्था /फर्म /कम्पनी /एग्रोभेट तथा सप्लायर्सहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

..........................
बुद्धिराज घिमिरे
प्रमुख

बुद्धिराज घिमिरे
प्रमुख
अधिकृत स्तर दशौं तह